'ऐतिहासिक, सांस्कृतिक नगरी-समृद्ध पर्यटकीय चन्द्रागिरि'

# चन्द्रागिरि नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं

## आ.व. २०८२/२०८३ को बजेट वक्तव्य

**आदरणीय नगर सभाका अध्यक्ष एवं नगर प्रमुखज्यू**

**उपस्थित सम्पूर्ण नगर सभा सदस्यज्यूहरु**

१. आज हामी यस गरिमामय नगर सभाको सोह्रौं अधिवेशनमा चन्द्रागिरि नगरपालिकाको समुन्नत भविष्यका लागि दीर्घकालीन सोच सहित आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएका छौं ।

२. यस महत्वपूर्ण अवसरमा देश र जनताको उज्वल भविष्यका लागि मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्र बनाउन आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । नेपालका वीर शहिदहरुको वलिदानले जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ । यस अवसरलाई सही सदुपयोग गर्न सके शहिदहरु प्रति सच्चा श्रद्धाञ्जली हुनेछ ।

३. स्थानीय तहको सरकार, प्रदेश सरकार र संघीय सरकारको समन्वय तथा सहकार्यबाट स्रोत, साधन र अवसरको सृजना गरी सोको परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशिला हामी आफैले तयार गर्नु आजको चुनौतीको रुपमा रहेको छ। नेपाल सरकारले लिएको ***"समृद्ध नेपाल, सुखी नेपाली"*** को आकांक्षालाई साकार पार्न स्थानीय तह, प्रदेश र संघको समन्वय तथा सहकार्य अनि स्थानीय तहको आफ्नो स्पष्ट नीति र सो नीति अनुकूलका बजेट तथा कार्यक्रमहरु हुनु अति आवश्यक रहेको छ ।

४. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम स्थानीय तहलाई प्राप्त अधिकार क्षेत्र तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को मर्म र राष्ट्रिय योजना आयोगको दिग्दर्शन समेतका आधारमा मध्यमकालीन खर्च संरचना सहित निर्धारित विषयगत क्षेत्र तथा उपक्षेत्रगत रुपमा प्राथमिकतामा परेका कार्यक्रमहरु समावेश गरी वजेट तर्जुमा गरिएको छ ।

५. चालु आर्थिक वर्षमा संचालन भए अनुरुप नै चालु बजेट तर्फका सडक बत्ती तथा सिसिक्यामेरा मर्मत सुधार, अव्यवस्थित तार व्यवस्थापन, सडक सौन्दर्यता, युवा लक्षित, महिला लक्षित,

बालबालिका लक्षित, अशक्त अपांगता लक्षित, जेष्ठ नागरिक लक्षित, दलित लक्षित, सीमान्तकृत लक्षित, उत्पादन तथा स्वरोजगार, स्थानीय उत्पादन बजारीकरण, फोहर वर्गीकरण, शैक्षिक कार्यक्रमहरु, खानेपानी मर्मत सुधार, निर्मित संरचना मर्मत सुधार, सरसफाइ अभियान, स्वयंसेवी परिचालन लगायतका कार्यक्रमहरु सशर्त कार्यक्रमको रुपमा वडाहरुलाई बजेट उपलब्ध गराइएको छ। यी कार्यक्रमहरु विगतमा भन्दा प्रभावकारी रुपमा कार्यान्वयन हुनेछन् भन्ने आशा लिएको छु।

६. यसैगरी विगतमा नगरपालिकाबाट सञ्चालन भएका पूँजीगत बजेट तर्फका सडक बत्ती तथा पोल व्यवस्थापन, पार्क मन्दिर तथा सार्वजनिक स्थल सौन्दर्यता, सिसिक्यामरा जडान, फोहर व्यवस्थापन उपकरण खरिद, वडा गौरवको आयोजना, मुख्य बस्ती तथा चोकमा दिशानिर्देश बोर्ड, फायर एक्सटिङ्ग्युसर, विद्यालय पूर्वाधार, खानेपानी संरचना, खुला व्यायामशाला निर्माण, विपन्न, दलित, एकल महिलाद्वारा सञ्चालित उद्यमलाई प्रविधि हस्तान्तरण, अपांगता सहायता सामग्री व्यवस्थापन, सार्वजनिक जग्गा संरक्षण, स्वास्थ्य सेवा सुधार लगायतका पूँजीगत कार्यक्रमहरु सशर्त रुपमा वडाहरुलाई बजेट उपलब्ध गराइएको छ।

७. वडा कार्यालयहरुलाई विगतमा उपलब्ध गराइएका कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ।

८. विद्युतीय सुशासनका लागि GPS/GIS सहित डिजिटल सेवा सम्वन्धी अभिमुखीकरण, स्वस्थ्य शहर (Healthy City), युवासंग नगरपालिका लगायतका कार्यक्रममा वजेट विनियोजन गरिएको छ।

९. UNOPS City for Women कार्यक्रम आगामी आ.व.मा सम्पन्न हुने गरी वजेट विनियोजन गरिएको छ।

१०. चालु आ.व.मा झै शिक्षातर्फका विद्यालय पूर्वाधार निर्माण, स्वयमसेवक कार्यक्रम जीवनोपयोगी सीप एवं छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिई वजेट विनियोजन गरिएको छ।

११. विगत वर्षहरुमा जस्तै नगरवासीहरुको चाहना बमोजिम भौतिक पुर्वाधार निर्माणका कार्यहरुलाई आगामी आ.व.मा पनि निरन्तरता दिइएको छ। आगामी आ.व.मा पनि नगर गौरवका योजनाहरुको लागि पर्याप्त बजेट विनियोजन गरिएको छ।

१२. ***"ऐतिहासिक सांस्कृतिक नगरी-समृद्ध पर्यटकीय चन्द्रागिरि"*** नारालाई व्यवहारमा उतार्न सम्भव भएसम्मका योजना कार्यक्रमहरुलाई पनि समावेश गरिएको छ।

**सभाध्यक्ष महोदय,**

अब म नगरसभा समक्ष आर्थिक वर्ष २०८२/२०८३ का लागि प्रस्ताव गरिएको बजेट तथा कार्यक्रमको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

१. **आय अनुमानः** आगामी आर्थिक वर्ष २०८२/२०८३ का लागि आन्तरिक आय तर्फ रु. १,४८,००,००,०००।०० (एक अर्व अडचालिस करोड), राजश्व वांडफांडबाट रु. ५५,९७,४५,०००।०० (पचपन्न करोड सन्तानव्वे लाख पैतालिस हजार), संघीय सरकारतर्फ ८१,२९,००,०००।०० (एकासी करोड उनान्तीस लाख) प्रदेश सरकार वित्तिय हस्तान्तरणतर्फ ८,१९,५५,०००।०० (आठ करोड उन्नाईस लाख पचपन्न हजार) गरी जम्मा रु. २,९३,४६,००,०००।०० (दुई अर्व त्रियानव्वे करोड छयालिस लाख) को आय हुने अनुमान गरिएको छ । जसको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ ।

२. **व्यय अनुमानः** माथि उल्लेखित अनुमानित आयको परिधि भित्र रही आगामी आर्थिक वर्ष २०८२/२०८३ का लागि चालु तर्फ १,२२,७८,००,०००।०० (एक अर्व वाईस करोड अठहत्तर लाख) र पूँजिगत तर्फ १,७०,६८,००,०००।०० (एक अर्व सत्तरी करोड अडसठ्ठी लाख) गरी कुल जम्मा रु. २,९३,४६,००,०००।०० (दुई अर्व त्रियानव्वे करोड छयालिस लाख) को व्यय हुने अनुमान गरिएको छ । जसको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ । संघीय एवं प्रदेश सरकारबाट थप सशर्त अनुदान प्राप्त भएमा सोही अनुसार समावेश गरिनेछ ।

**अन्त्यमा,**

यस ऐतिहासिक सांस्कृतिक नगरीको विकास र समृद्धिका लागि निरन्तर सहयोग, सद्भाव राख्नुहुने सम्पूर्ण नगरवासी महानुभावहरु, करदाता महानुभावहरु, विकास योजना कार्यक्रमका साझेदार सरकारी, सामुदायिक तथा निजी संस्थाहरु लगायत सवैमा हार्दिक आभार प्रकट गर्दछु । बजेटको सफल कार्यान्वयनमा सवै पक्षहरुको साथ र सहयोगको अपेक्षा गर्दै यो संक्षिप्त बजेट वक्तव्य अन्त्य गर्दछु ।

**धन्यवाद !**